प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,उदयपुर
प्रदेश नं.१, नेपाल

फोन नं. ०३५-४२०१३०
E-mail : akcudaypur@gmail.com

## व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम माग गर्ने सम्वन्धि सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०७८/०५/०३

कृषि ज्ञान केन्द्र, उदयपुरको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना** अन्तरगत उदयपुर जिल्लामा तपशिलका बाली/वस्तुहरुमा नयाँ व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७" बमोजिम संचालन गर्न क्षेत्र निर्धारण गर्नु पर्ने भएकोले ईच्छुक कृषक समूह/ कृषि सहकारी/ जल तथा वन उपभोक्ता समिति/ कृषि फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०७८/०६/०१) सम्ममा कार्यालय समय भित्र तोकिएको ढाँचा (अनुसूची—६) अनुसारको ब्लक विकास कार्यक्रममा माग आवेदन फारम र अनुसूची-७ अनुसारको विवरण भरी तपशिल अनुसारका कागजातहरु संलग्न गरि कृषि ज्ञान केन्द्र, उदयपुरमा ब्लक विकास कार्यक्रम आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।रीत नपुगी वा म्याद नाघि आएका आवेदनहरु दर्ता गरिने छैन ।

**संचालन हुने ब्लक विकास कार्यक्रमहरु :**

| सि. नं. | बाली | ईकाइ | परिमाण | अनुदान रकम | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | धान | संख्या | २ | बढीमा २५ लाख | तराईमा १५० हेक्टर (२२५ विगाह) र पहाडमा १०० हेक्टर (२००० रोपनी) |
| २. | मकै | संख्या | १ | बढीमा २५ लाख | तराईमा १५० हेक्टर (२२५ विगाह) र पहाडमा १०० हेक्टर (२००० रोपनी) |
| ३. | केरा | संख्या | १ | बढीमा २५ लाख | तराईमा १०० हेक्टर (१५० विगाह)र पहाडमा ७० हेक्टर (१४०० रोपनी) |
| ४. | आलु | संख्या | १ | बढीमा २५ लाख | तराईमा ८० हेक्टर (१२० विगाह) र पहाडमा ३० हेक्टर (६०० रोपनी) |

आवश्यक कागजातहरुः

१. रु. १० को हुलाक टिकट टाँस गरिएको अनुसुचि — ६ बमोजिमको आबेदन ।
२.अनुसूचि — ७ बमोजिमको विवरण ।
३. आवेदकको (अध्यक्ष वा प्रोपाईटर) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
४. प्रचलित कानुन अनुसार आधिकारिक निकायमा दर्ता भएका कृषि फर्म, कम्पनी, कृषक समूह, कृषि सहकारी तथा जल/वन उपभोक्ता समिति दर्ता प्रमाणपत्र तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
५. स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
६. सम्वन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।
७. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
८. समूह, सहकारी तथा समिति को हकमा निर्णयको प्रतिलिपि।
९. जग्गाधनीपुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल सहितको विवरण।
१०. आवेदकले एकै प्रकृतिका अनुदान यस आ.व. मा अन्य निकायबाट नलिएको वा नलिने स्वःघोषणा पत्र ।
११. लिजमा लिएको जग्गाको हकमा १० वर्षे करारनामा वा सम्झौता पत्र ।
१२. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।
१३. कार्यविधिमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु ।
१४. प्रस्तावना निवेदन दस्तुर व्यात्तिगत रु. १०० र संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र उदयपुरको कार्यालय कोड नं. ३१२०१११०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र उदयपुरको फोन नं. ०३५-४२०२६३/४२०१३० वा बाली विकास अधिकृत श्री अनिश मुडवरी ९८४९९८२८४४ मा सम्पर्क गर्न सक्नुहुनेछ साथै प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको वेवसाइट **www.pmamp.gov.np** वा कृषि ज्ञान केन्द्र उदयपुरको वेबसाइट **udayapur.akc.gov.np** बाट "प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुल २०७७" डाउनलोड गर्न सकिनेछ ।

महेश कुमार चौधरी
निमित्त प्रमुख